# स्थानीय राजपत्र

## मालिकार्जुन गाउँपालिकाद्वारा प्रकाशित

खण्डः७ संख्याः१३ मितिः २०८०।११।०८

भाग–२

मालिकार्जुन गाउँपालिका

| गाउँ कार्यपालिकाबाट स्वीकृत मिति | २०८०।११।०४ |
|---|---|

**मालिकार्जुन गाउँपालिकाको उपाध्यक्ष सँग बालबालिका शिक्षा सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९(प्रथम संशोधन २०८०)**

<u>**संशोधित प्रस्तावनाः**</u>

मालिकार्जुन गाउँपालिका भित्रका विद्यालय उमेर समुहका सबै बालबालिकालाई शिक्षाको पँहुच सुनिश्चितता गर्ने र गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्धेश्य पूरा गर्न यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई शैक्षिक सामाग्री प्रदान गर्न मालिकार्जुन गाउँपालिकाको आठौं गाउँसभाबाट स्वीकृत उपाध्यक्ष सँग बालबालिका शिक्षा सुरक्षा कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा (१), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२),मालिकार्जुन गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ३ (१) बमोजिम मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०।११।०४ गतेको बैठकले यो कार्यविधिको प्रथम संशोधन गरी जारी गरेको छ ।

१. कार्यविधिको दफा (१) संक्षिप्त नाम र प्रारम्भमा "(प्रथम संशोधन २०८१)" थप गरिएको ।

२. कार्यविधिको दफा २ को खण्ड (छ) मा “लक्षित वर्ग” भन्नाले शिक्षण सिकाईका लागि अन्य कुनै निकायबाट सहयोग नपाएका भनि सम्बन्धित विद्यालयबाट प्रमाणित भएका शिशु कक्षादेखि कक्षा ३ सम्म अध्ययनरत बालबालिकाहरुलाई सम्झनु पर्दछ । तर अनाथ सअहाय र दव्द्वपिडीत बालवालिकाको हकमा कक्षा १० सम्म नियमित अध्ययनरत विद्यार्थीहरुलाई सम्झिनु पर्दछ ।" लाई संशोधन गरी देहायबमोजिम कायम गरिएको।

तपसिलः

(छ) “लक्षित वर्ग” भन्नाले शिक्षण सिकाईका लागि अन्य कुनै निकायबाट सहयोग नपाएका भनि सम्बन्धित विद्यालयबाट प्रमाणित भएका शिशु कक्षादेखि कक्षा ३ सम्म अध्ययनरत बालबालिकाहरुलाई सम्झनु पर्दछ । तर अनाथ सअहाय र दव्द्वपिडीत बालवालिकाको हकमा कक्षा १० सम्म नियमित अध्ययनरत विद्यार्थीहरुलाई सम्झिनु पर्दछ ।"

आज्ञाले,
नर बहादुर ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत